# प्रेस विज्ञप्ति- २६३

# Press Release-263

लागू औषध नियन्त्रण व्यूरो
NarcoticsControlBureau
कोटेश्वर, काठमाडौं ।
मिति: २०७६।०६।०२ गते।

## नियन्त्रित मनोद्विपक पदार्थ ४३२६ एम्पुल सहित ७ जना मानिसहरू पक्राउ ।

१. विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले विगत लामो समयदेखिको सूचना संकलन, बिश्लेषण एवं निगरानी पश्चात मिति २०७६।०६।०१ गते का.जि.म.न.पा.३१ शान्तिनगरबाट भारतीय नं. प्लेट BR 30 P 8607 को सेतो रंगको स्कर्पियो गाडीलाई शंका लागि चेकजाच गर्दा उक्त गाडीमा प्लास्टिकको Bucket थान-२ (दुई) भित्र चामल तथा पिठोले लुकाउ छिपाउ गरी राखिएको अवस्थामा नियन्त्रित मनोद्विपक पदार्थ **डाईजेपाम १०४७ एम्पुल, नुर्फिन १०३७ र फेनारगन १०४२ गरी जम्मा ३१२६ एम्पुल** सहित भारत, ग्रीन पेलेस, डुमरवाना वडा नं. २० बैरगनिया, सितामढी बिहार बस्ने बर्ष ३७ को **राजा कुणाल**, ऐ.ऐ. बेल बैरगनिया वडा नं. २० बस्ने बर्ष ३२ को **राजेश कुमार जयसवाल** र ऐ.ऐ. अशोगी वडा नं. ४, पुरुषोत्तमपुर, बैरगनिया बस्ने बर्ष ३७ को **अभिषेक कुमार जयसवाल**लाई पक्राउ गरेको छ।

निज भारतीय नागरीकहरुले भारतका विभिन्न सहरहरुबाट मनोद्विपक पदार्थ खरीद गरी नेपाल भित्र्याई बिक्री बितरण गर्ने गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

२. त्यसै गरी यस व्यूरोबाट मिति २०७६।०५।२७ गते खटिएको प्रहरी टोलीले जिल्ला सिराहा, गोल बजार न.पा. वडा नं ४ बस्ने बर्ष ४२ को उतिम लाल साह, जिल्ला उदयपुर त्रियुगा न.पा. वडा नं १३, बस्ने बर्ष ३४ को सुजेन्द्र लोहनी, जिल्ला काभ्रे, रोशी गा.पा. वडा नं ७ बस्ने बर्ष २८ को पेमा लामा र जिल्ला सिराहा गोल बजार न.पा. वडा नं. ३, जमद बस्ने बर्ष २३ को अशोक तामाङलाई जिल्ला काठमाण्डौ, गोकर्णेश्वर न.पा. वडा नं. ५ जम्बु डाँडाबाट नियन्त्रित मनोद्विपक पदार्थ **डाईजेपाम ४१० एम्पुल, फेनारगन ३७५ र नुर्फिन ४१५एम्पुल गरी जम्मा १२०० एम्पुल** सहित पक्राउ गरिएको छ।

**नोट:-**

पक्राउ परेका उतिम लाल साह कर्तव्य ज्यान मुद्दामा २ बर्ष ९ महिना सिराहा कारागारबाट कैद भुक्तान गरेको, सुजेन्द्र लोहनी ला.औ. मुद्दामा २ बर्ष सिराहा कारागारबाट कैद भुक्तान गरेको, पेमा लामा डाँका चोरी मुद्दामा ३ बर्ष ४ महिना काभ्रे तथा सिराहा कारागारबाट कैद भुक्तान गरेको र अशोक तामाङ ज.ज.क. मुद्दामा २ बर्ष ६ महिना सिराहा कारागारबाट कैद भुक्तान गरी सकेका व्यक्तिहरू रहेको अनुसन्धानबाट खुल्न आएको छ।

निजहरू उपर यस व्यूरोबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।

•••




Rest Room
औषध नियन्त्रण


लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL
काठमाण्डौं
Control Bureau
NPS


Narcotics Control Bureau
लागू औषध नियन्त्रण ब्यूरो
ESTD:1992
काठमाण्डौ
लागू औषध अपराधको गोप्य सूचना प्रहरीलाई !
पक्राउ तथा बरामद मिति : २०७६/०६/०१ गते
जम्मा : ३१२६ एम्पुल।
फेनारगन
नुर्फिन
डाईजेपाम
पक्राउ तथा बरामद मिति : २०७६/०५/२७ गते
जम्मा : १२०० एम्पुल।